# बैठक संख्या: ६१औं

मिति २०८२/१०/२६

समय: दिउसो १२:०० बजे

स्थान: गल्छी गाउँ कार्यपालिकाको कार्यालय, बैरेनी

आज मिति २०८२/१०/२६ गते यस गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीहरुको समुपस्थितिमा बसी देहायका निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केदारनाथ खतिवडा | अध्यक्ष | |
| २ | श्री भाईकाजी तिवारी | उपाध्यक्ष | |
| ३ | श्री यदुकुमार खतिवडा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री षडानन्द खनाल | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री राजन भुजेल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राजु अधिकारी | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री सरोज लामा तामाङ | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री दिपक कुमार कार्की | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री हरि प्रसाद खतिवडा | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री विशाल लुङ्गेली मगर | ८ नं. वडा अध्यक्ष | |

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ११ | श्री भेष कुमारी खनाल | कार्यपालिका सदस्य | भेष |
| १२ | श्री तुलसी अधिकारी | कार्यपालिका सदस्य | |
| १३ | श्री दिलमाया तामाङ्ग | कार्यपालिका सदस्य | दिलमाया |
| १४ | श्री जानुका धिताल | कार्यपालिका सदस्य | |
| १५ | श्री रमेश भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री सिर्जना घले | कार्यपालिका सदस्य | |
| १७ | श्री पूर्ण प्रसाद दुलाल | सचिव | |

**प्रस्तावहरु**

१. **समिक्षा सम्बन्धमा**

२. **गाउसभा बैठक सम्बन्धमा**

३. **बिबिध सम्बन्धमा**

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

**प्रस्ताव नं १**

**समिक्षा सम्बन्धमा**

**निर्णय नं १**

प्रस्ताव नं १ समिक्षा सम्बन्धमा छलफल गर्दा ६०औ कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समिक्षा एवं छलफल गरियो ।साथै ६०औ कार्यपालिकाको बैठकको निर्णयानुसार मिति २०८२/९/३० सम्पन्न सार्वजनिक सुनुवाई तथा मिति २०८२ माघ ७ र ८ सम्पन्न समिक्षाबाट प्राप्त राय सुझाव सम्बन्धमा छलफल गरियो सेवा र कार्यहरुमा थप सुधारहुने गरि सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २**

**गाउसभाको बैठक सम्बन्धमा**

**निर्णय नं २**

प्रस्ताव नं २ गाउसभाको बैठक सम्बन्धमा छलफल गर्दा मिति २०८२ पौष ९ गते सम्पन्न ६० औ कार्यपालकि बैठकको नर्णियानुसार २०८२ माघ २६ गते गाउसभाको बैठक आब्हान गर्ने निर्णय भएको र गाउसभाबाट बजेट संशोधन लगाएतका महत्वपुर्ण बिषयमा निर्णयलिनुपर्ने हुदा आसन्न प्रतिनिधि सभा निर्बाचनको आचार संहिता लागु भएको कारणले त्यस्ता निर्णयहरु गर्न नमिल्ने भएकाले आचार संहिताको अवधि समाप्त भएपछी मात्र गाउसभाको बैठक आब्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३**

**बिबिध सम्बन्धमा**

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

केदारनाथ खतिवडा
अध्यक्ष

निर्णय नं ३

प्रस्ताव नं ३ बिबिध सम्बन्धमा छलफल गर्दा निम्नानुसारका निर्णयहरु गरियो ।

३.१ कार्यबिधिहरु पारित गर्ने सम्बन्धमा छलफल गर्दा निम्नानुसार कार्यबिधिहरु पारित गर्ने निर्णय गरियो ।

(क) गल्छि गाउपालिकाको आधारभुत तह कक्षा ५ र कक्षा ८ को परिक्षा संन्चालन कार्यबिधि २०८२ पारित गर्ने निर्णय गरियो ।

(ख) गल्छि गाउपालिकाको, अतिरिक्त कक्षा संन्चालन कार्यबिधि २०८२ पारित गर्ने निर्णय गरियो ।

(ग) गल्छि गाउपालिकाको बिधालय स्तरिय परिक्षा संन्चालन कार्यबिधि २०८२ पारित गर्ने निर्णय गरियो ।

३.२ गल्छि गाउपालिका वडा नं ४ स्थित छत्रे लामाचिरा मोटर बाटो स्तरोन्नतीको शिर्षकमा रु ४००००० बजेट बिनियोजन भएको तथा उक्त सडक गजुरी गापा हुदै गल्छि गापा सम्म आइपुग्ने भएकोमा सो रकमबाट गजुरी गापाको लामाचीरा खण्डमा ल.ई बमोजिमका कार्यहरु गराउने निर्णय गरियो ।

३.३ वडा नं ८ बालमैत्री स्थानिय शासन घोषणा कार्यक्रमको रकम सोहि वडाको बिबिध र वालमैत्री शिर्षकबाट रु ४२२७२५ तथा बाँकि रु २२११६० गा.पा शिर्षकबाट ब्यहोर्ने गरी ८ नं वडाबाट पत्राचार भएकोमा उक्त कार्यक्रममा भएको जम्मा खर्च रु ६४३८८५ अनुमोदन गर्ने निर्णय गरियो साथै वडाको माग बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

छोटेलाल खतिवडा
अध्यक्ष